**मितिः २०८०/०८/०५ (21 November, 2023)**

## Free Virtual Private Network (VPN) को प्रयोग सम्बन्धमा

## इन्टरनेट सेवाग्राहीहरुको लागि जारी गरिएको सूचना

इन्टरनेटको पहुँचलाई सुरक्षित बनाउन Virtual Private Network (VPN) प्रयोग गरिने भएपनि Free VPN को जथाभावी प्रयोग जोखिमपूर्ण हुनसक्दछ। इन्टरनेटमा सजिलै प्राप्त हुने अधिकांश Free VPN हरुमा डाटाको सुरक्षा तथा गोपनियतासँग सम्बन्धित कमजोरीहरु रहेको अध्ययनहरुले देखाएका छन्। Free VPN को प्रयोग गर्दा देहाय बमोजिमका जोखिमहरु हुने भएकोले Free VPN को प्रयोग नगरौं/नगराऔं।

१. Free VPN प्रदायकहरुले प्रयोगकर्तासँग सम्बन्धित तथ्यांकहरु संग्रह गर्ने र तेस्रो पक्षलाई बिक्री/वितरण गर्ने सम्भावना हुन्छ।

२. Free VPN प्रदायकहरुले प्रयोगकर्ताको सबै अनलाइन गतिबिधिहरु अनाधिकृत रुपमा निगरानीगर्ने सम्भावना रहन्छ।

३. Free VPN मार्फत इन्टरनेट प्रयोग गर्दा इन्टरनेटको गति तथा गुणस्तर कम हुने हुन्छ।

४. Free VPN को माध्यमबाट प्रयोगकर्ताको Computer/ Mobile मा Malware डाउनलोड हुन सक्ने र यसले प्रयोगकर्ताको प्रणाली र संवेदनशील डाटालाई हानी पुर्याउने सम्भावना रहन्छ।

५. Free VPN प्रयोग गर्दा ह्याकरहरुले ह्याक गर्ने सम्भावना बढी रहन्छ।

**Nepal Telecommunications Authority (NTA)**
**Cyber Security Task Force (NTACERT)**
**Jamal, Kathmandu, Nepal**
**Email: cert{at}nta.gov.np, URL: www.nta.gov{dot}np**